

# कफी खेती

## १. परिचय

नेपालमा कफी खेती वि.स. १९९५ देखि शुरु भएता पनि समय क्रमसँगै विभिन्न उतार चढाब पार गर्दै मध्यपहाडका ४० जिल्लामा विस्तार भएको पाइन्छ । करिब २३ जिल्लामा व्यवसायिक रुपमा नै खेती भइरहेको छ । हाल नेपालमा कुल १७५० हेक्टर जग्गामा कफी खेती भइरहेको छ भने उत्पादन ३६६ मे टन ग्रिनबिन कफी भै रहेको छ । नरम पेय पदार्थका रुपमा यो एक सम्मानित वस्तु पनि मानिन्छ । यसमा भएको क्याफिन नामक रसायनिक तत्वले गर्दा पिउँदा आनन्दको महशुस हुन्छ, अल्छीपना हटाउँछ ।

समुद्री सतहबाट ८०० मिटरदेखि १४०० मिटर सम्मका मध्य पहाडी क्षेत्रहरु गुणस्तरिय कफी उत्पादनको लागि उपयुक्त छन् । सापेक्षित आर्द्रता ७० देखि ८० प्रतिशत भएको, सालाखाला बर्षा १६०० देखि २५०० मि.मि. सम्म र कम्तिमा १० देखि १२ घण्टा घाम लाग्ने र तापक्रम १५ देखि २५° से. अरबीका जातका कफीको लागि उपयुत्त हुन्छ ।

## २. माटो

कफीको लागि केहि भिरालो पानी नजम्ने, पर्याप्त मात्रामा प्राङ्गारिक पदार्थ भएको उत्तर वा उत्तर पूर्व मोहडा भएको जग्गा छनौट गर्नु पर्दछ । पि. एच. ६-६.५ भएको दोमट माटो कफीको लागि राम्रो हुन्छ । तर बढी भिरालो जग्गामा कफी लगाउन उपयुक्त हुदैन ।

## ३. जातहरू

नेपालमा लगाइने कफीको जातहरुमा वोर्वन अमारिल्लो, वोर्वन भमैलो, टेकेसिक, क्षेत्रदिप, एलो कटुरा, पाकस, सेलेक्सन-१० हुन । तर क्षेत्रदिप, टेकेसिक र एलो कटुराले राम्रो उत्पादन दिइरहेको छन् ।

# ४. प्रशारण विधि

## ४.१ बिउबाट प्रशारण



कफीलाई विशेष गरेर बीउबाट नै प्रशारण गरिन्छ । ब्याडमा प्लाष्टिकका थैलामा बेर्नाहरु उत्पादन गरिन्छ । ब्याड बनाउँदा प्रशस्त कुहेको प्राङ्गारिक मल राखी जमिनबाट केही माथि उठाइन्छ । प्लाष्टिक थैला प्रयोग गर्ने भएमा आधा माटो र आधा कुहिको प्राङ्गारिक मल मिसाएर प्लाष्टिक थैलामा भर्नु पर्दछ। थैलाको तलपट्टि जराहरुमा हावा खेल्न र पानीको निकासको लागि साना साना प्वालहरु पार्नु पर्दछ। बीउको छनौट गर्दा पाकेका स्वस्थ कफीका दानाहरुबाट बीउ छुट्याउनु पर्दछ । एकनाससँग विकास भएका कप्टेराहरुलाई छनौट गरी छायाँमा सुकाउनु पर्छ । बीउ सुकेपछि केही दिनभित्रमा नर्सरी अर्थात प्लाष्टिकका थैलामा एक से.मी.गहिराइमा रोपि प्रत्येक दिन पानी दिनु पर्दछ। लगाएको करीब ७ हप्तामा विरुवाको विकास हुन शुरु गर्दछ। त्यसपछि ५-७ महिनामा बगैंचामा सार्नको लागि तयार हुन्छन्।

## ४.२ वानस्पतिक प्रशारण



कफीलाई बडिङ्ग र ग्राफि्टङ्गबाट पनि प्रजनन् गर्न सकिन्छ। कटिङ्ग गरेर पनि प्रशस्त बिरुवाहरु उत्पादन गर्न सकिन्छ। कटिङ्गको लागि हलक्क बढेका करीब ४-५ वटा आँख्ला भएका पानी हाँगाहरुलाई छानी २ वटा आँख्ला भएको कटिङ्ग बनाउनु पर्दछ। यसलाई रुटेक्सले उपचार गरेर जरा चाडैं र धेरै निकाल्न सकिन्छ।

## ५. बिरुवा रोप्न



**(क)**
बिरुवा सार्नका लागि नयाँ ठाउँमा
सफा गरेर फोहोरलाई जलाइदिने ।




**(ख)**
कफीको बेर्ना सार्नुभन्दा पहिले
छायाँको प्रबन्ध गर्ने ।



**(ग)**
५० से.मी. गहिराई तथा ५० से.मी.
चौडाई भएको खाल्डो बनाउने ।




**(घ)**
खाल्डो खन्दा माथिल्लो सतह तथा तल्लो
सतहको माटो छुट्टा छुट्टै राख्नुपर्छ र
बिरुवा रोपिसकेपछि माथिल्लो
सतहको माटोमा ५ के.जी. जती
कम्पोष्ट मल मिलाएर खाल्डो पुर्नु पर्छ ।




**(ङ)**
बेर्ना लगाउने दूरी जग्गाको बनोट,
कफीको जात अनुसार फरक पर्दछ ।
साधारणतया बोटबिचको दूरी २.५ मि.
राख्नु उपयुक्त हुन्छ । बेर्ना सार्दा जरालाई
असर नपर्ने गरि सार्नु पर्दछ ।




**(च)**
बर्षातको शुरुमा र साँझपख
बेर्ना सार्नु उपयुक्त हुन्छ र
लाइनबाट लाइनको दूरी
२.५ मि. राख्नु उपयुक्त हुन्छ ।

## ६. मलखाद

| समय | मलखादको मात्रा |
|---|---|
| कफी रोप्न तयार पारिएको खाडल पुर्दा | ५ के.जी. कम्पोष्ट मल मिलाई पुर्नु पर्छ |
| कफीको बिरुवा रोपेपछि | भाद्रदेखि फाल्गुन महिना भित्र एक पटक पुनः मल दिनुपर्दछ |
| पहिलो वर्ष | ५ ग्राम नाइट्रोजन र ५ ग्राम पोटास प्रतिवोट दिने/मलखाद राख्दा बोटको वरिपरि गोलो घेरा बनाएर राख्नुपर्दछ । |
| दोस्रो वर्ष | १० ग्राम नाइट्रोजन र १० ग्राम पोटास प्रति वोट दिने |
| तेस्रो देखि पाँचौ वर्ष | १२ ग्राम नाइट्रोजन, ५ ग्राम फस्फोरस र १२ ग्राम पोटास दिने |
| फल टिपि सकेपछि फूल फुल्न भन्दा अघि | प्रतिवोट २ देखि ५ के.जी. कम्पोष्टमल दिनु पर्दछ । |

**नोटः** माटो जाँच गरी हरेक ५ वर्षमा कफी बगैंचामा कृषि चुनको प्रयोग गर्नु पर्दछ ।

## ६. बिरुवाको काट-छाँट

कफीको बोटलाई आफ्नो इच्छा अनुसार आकार दिन र गुणस्तरिय उत्पादन लिनको लागि बिरुवाको काट-छाँट गरिन्छ ।

पुराना र अनुत्पादक हाँगा, मसिना झिना डालीहरु, धेरै बाक्लो भुप्पा, भाँचिएका, एक आपसमा खप्टिएका, रोग कीरा लागेका, तल लत्रिएका, सिधा माथि बढ्ने चोर हाँगा, वोटको काण्ड र आखिरी उचाईमा निस्केका अनावश्यक मुनाहरु सूर्यको प्रकाश बोट भित्रसम्म छिर्न मद्दत गर्न मूल काण्डको ३० से.मी. गोलाइमा पलाएका चारैतिर का पातहरु तथा टुसाहरु हटाइन्छ ।

कफी बोटको काण्डबाट निस्केका मुख्य हाँगाहरुलाई जोगाई राख्नु पर्छ ।



## ७. बाली व्यवस्थापन



कफी बगैंचालाई झारपात मुक्त राख्नु पर्दछ । बगैंचा वर्षमा २ पटक खनजोत गर्दा झारपातहरु पनि नियन्त्रण हुने र रुखबाट झरेका पात पतिङ्गरहरु माटोमा राम्रोसँग मिल्न पाउँछन् ।

साना कफी वोटलाई चिसो र सुख्खाहुनबाट बचाउन कार्तिक देखि जेठसम्म फेदमा २ इन्च छेडेर २-४ इन्च बाक्लो गरी छापो दिनु पर्छ ।

कफी वालीलाई अनिवार्य सिंचाई दिनुपर्ने अवस्था भनेको विरुवा लगाएको दुई वर्ष सुख्खा समयमा, फूल फुल्ने समय (चैत्र), फल लाग्ने समय (वैशाष देखि जेठ) र फल बढ्ने समय (भदौ) हो ।

तर साना बिरुवालाई माटोको चिस्यान हेरेर एक दुइ हप्तामा एक पटक तल गहिरोसम्म जाने गरी सिंचाई गर्नु पर्छ ।

## ८. रोग व्यवस्थापन



### ८.१. कफी रस्ट

यो रोग लागेको कफीका पातहरुको तल्लो भागमा हल्का किसिमको पहेंलो दागहरु देखा पर्दछन् । पछि गएर यी दागहरु सुन्तला रंगमा परिणत भै भुवा (पाउडर) को रुपमा एकत्रित भै बसे को हुन्छ । यो रोग लागेमा कफीको उत्पादन निकै घट्छ ।

**व्यवस्थापनः**

१:१:२०० को भागमा बोर्डो मिश्रण बनाई १ किलो निलो तुथो, १ किलो चून र २०० लिटर पानीको दरमा घोल बनाउने । कफीको फूल खेल्नु भन्दा अगाडी फागुन महिनामा र वैशाख-जेष्ठ महिनामा वोटमा एकनास सँग छर्नुपर्छ ।



### ८.२. ब्ल्याक रट

यो रोगले आक्रमण गरेको पातहरु कालो भएर सड्दै खस्न थाल्दछन् । कहिलेकाँही यो रोगले कफीको हाँगा तथा हरियो दानामा समेत आक्रमण गर्दछ ।

**व्यवस्थापनः**

रोगले आक्रमण गरेको पात तथा हाँगा, दानाहरु हटाई दिनु पर्दछ । छायाँदार बिरुवाको राम्रो प्रवन्ध मिलाइ राख्नु पर्दछ । १:१:२०० को भागमा बनाएको बोर्डो मिश्रण फागुन महिनामा र वैशाष-जेष्ठमा वोटमा एकनास सँग छर्नु पर्छ ।

### ८.३. ब्राउन ब्लाइट

यो रोगले आक्रमण गरेका कफीमा पातहरुमा शुरुमा हल्का खाले दाग देखा पर्न थाल्दछ । अन्तमा गएर उक्त दाग खैरो रंग भै पातभरी दागै दाग देखिन्छ र पछि गएर पातहरु झर्न थाल्दछ ।



**व्यवस्थापनः**

यो रोग नियन्त्रणको लागि राम्रो सँग छायाँदार बिरुवाको प्रवन्ध मिलाउने र बोर्डो मिश्रण राम्ररी पातमा पर्ने गरी छर्नु पर्दछ ।

## ९. किरा व्यवस्थापन

### ९.१. सेतो गंबारो Boror

यो किराको शरीर लाम्चो आकारको हुन्छ । पोथी गंबारोले कफीको मुल तथा शाखा हाँगाहरुमा फुल पार्दछन् । फूल पारेको २-३ दिनमा साना साना बच्चा निस्कीएर बोक्रा खान शुरु गरी विस्तारै डाँठमा प्वाल पार्दछन ।

### ९.२. रातो गंबारो

यो गंबारोले कफीका कलिला हाँगा र मुनाहरु आक्रमण गर्दछ । कलिला हाँगामा फुल पारेर केहि दिनपछि बच्चाहरु निस्की डाँठ छेडेर भित्र पस्दछन् । यो किराले आक्रमण गरेको ठाउँमा प्रष्ट रुपमा प्वाल देखिन्छ । आक्रमण गरेका कलिला हाँगाहरु ओइलाएको देखिन्छ ।

### नियन्त्रण

दुवै गंबारो नियन्त्रणको लागि कफी बगैंचामा छायाँदार विरुवाको प्रवन्ध मिलाउँने, समय समयमा विषादि जस्तै रोगर, मेटासिड आदि छर्ने र किराबाट आक्रमण भएका डाँठ र हाँगा काटेर जलाई दिनु पर्छ ।

## १०. कफीको फल टिपाइ र प्रशोधन

कफीको जात अनुसार फूल फुलेको ८ देखि ११ महिना भित्र कफीको फल टिप्नको लागि तयार हुन्छ । टिप्नको लागि परिपक्क भएको कफीको फलको रंग कुनै जातको रातो र कुनै जातको पहेंलो हुन्छ ।

- कफी टिपि सकेपछि २४ घण्टाभित्र बाल्टिनमा पानी भरि कफीलाई राखी पानीमा डुबेका कफीका दाना छुट्याएर पल्पिङ्ग गर्नु पर्छ तथा उत्रिएका कफीका दानालाई हटाइदिनु पर्दछ ।



- पल्पिङ्ग गरिसकेपछि चिसो कफी पार्चमेन्टलाई फर्मेन्टेसनका लागी बाल्टी वा ड्रममा राख्नु पर्दछ । यसरी २४ देखि ७२ घण्टा राखिसके पछि बाल्टीमा भएको कफीमा लागेका चिप्लो पदार्थ हटाउन पानीले राम्रो सँग पखाल्नु पर्दछ ।



- यसरी पखाली सकेपछि कफी पाचएमेन्टलाई जालीमा सुकाई पानी उत्रिन दिनुपर्दछ । कफी सुकाउदा पल्टाई पल्टाई सुकाउनु पर्दछ । यसरी सुकाई सकेपछि चिस्यानको मात्रा जाँची हेर्दा ११ देखि १२ प्रतिशत मात्र हुनुपर्छ ।



## ११. बजार ब्यवस्था र वित्तीय विश्लेषण:

नेपालमा प्रतिवर्ष करोडौं रुपैयाको कफी आयात हुन्छ । यदि स्वदेशमा उत्पादन बढाएको खण्डमा आयात प्रतिस्थापन मात्र नभै विदेशी मुद्रा समेत आर्जन गर्न सक्ने प्रचुर सम्भावना छ । स्वदेश र विश्व बजारको मागलाई मध्यनजर राख्दै नेपाली कफिको उत्पादन र गुणस्तर बृद्धि र विकास गर्नु आजको आवश्यकता हो ।


**हरियो वन कार्यक्रम**

USAID अमेरिकी जनताबाट WWF care FECOFUN NTNC



**डब्लुडब्लुएफ नेपाल**

पोष्ट बक्स नम्बर ७६६०, बालुवाटार, काठमाडौं, नेपाल

फोन: +९७७ १ ४४३८२०, फ्याक्स: +९७७ १ ४४३८४५८

इमेल: hariyobanprogram@wwfnepal.org, info@wwfnepal.org

वेभसाइट: wwfnepal.org/hariyobanprogram



*"यो ब्रोसर अमेरिकी जनताद्वारा अमेरिकी विकास नियोग (युएसएड) को माध्यमबाट प्रदान गरिएको उदार सहयोगबाट सम्भव भएको हो । यसमा उल्लेखित विषयवस्तु लेखकको जिम्मेवारी हो र यसले युएसएड तथा अमेरिकी सरकारको धारणा प्रतिनिधित्व गरेको मानिने छैन ।"*